खार्पूनाथ गाँउपालिका

# बहुक्षेत्रीय पोषण योजनाको वार्षिक प्रतिवेदन २०७४/७५

## Multi Sector Nutrition Plan Annual Report 2074/75

खार्पूनाथ गाँउपलिका हुम्ला

२०७५ असार २०







खार्पूनाथ गाँउ कार्यपालिकाको कार्यालयद्धारा तयार पारिएको बहुक्षेत्रीय पोषण योजनाको वार्षिक प्रतिवेदन २०७४/७५



**स्थानीय उत्पादन तथा पौष्टिक तत्त्वको स्रोतहरु** (औखर ,मार्शे )



## विषय-सूची


अध्यक्षको भनाई ........ iii

उपाध्यक्षको भनाई ........ iv

बहुक्षेत्रीय पोषण योजनाको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतको भनाई ........ v

स्वास्थ्य संयोजकको कलम बाट ........ vi

कृतज्ञता ........ vii

प्रतिबद्वता ........ viii

परिचय ........ 1

नेपालमा पोषण तथा खाद्यको सुरक्षाको अवस्था ........ 2

बहुक्षेत्रीय पोषण योजनाको औचित्य ........ 2

बहुक्षेत्रीय पोषण योजना ........ 3

उद्देश्य ........ 4

जिल्लामा पोषण तथा खाद्य सुरक्षाको अवस्था ........ 4

बहुक्षेत्रीय पोषण कार्यक्रमको खार्पूनाथ गाँउपालिकाको अवस्था ........ 4

खापुनाथ गाँउपालिकाको जनसंख्या (जनगणना २०६८अनुसार) र क्षेत्रफल ........ 6

स्थानीयस्तरमा उपलब्ध खाद्यन्न र त्यसमा पाईने पौष्टिक महत्व ........ 6

बहु क्षेत्रीय पोषण कार्यक्रम खार्पूनाथमा कार्यान्वयनको संक्षिप्त विवरण ........ 7

पोषणको स्थिती-पाँच वर्ष मुनिका बालवालिकाहरु ........ 7

स्थानीय तहमा रहेका सेवा केन्द्र तथा संस्थाको विवरण ........ 7

खार्पूनाथ गाँउपालिकामा बहु क्षेत्रिय पोषण कार्यक्रम लागु भएको/नभएको वडाको नक्सा ........ 13

कार्यक्रमको चुनौती/समस्याहरु ........ 17

उपलब्धि ........ 17

कार्यक्रमलाई प्रभावकारी बनाउन गरिनु पर्ने प्रयासहरु/सुझावहरु ........ 19

कुपोषण घटाउने रणनितिक कार्यक्रम ........ 19

कार्यक्रममा समावेश गरिनु पर्ने पक्षहरु ........ 21

बहुक्षेत्रीय पोषण योजना अन्तरगतका क्षेत्रगत क्रियाकलापहरु ........ 21

१. कृषि क्षेत्र ........ 21

२. पशुपंक्षी क्षेत्र ........ 21

३. शिक्षा क्षेत्र ........ 22
४.खानेपानी तथा सरसफाई क्षेत्र ........ 22
५.महिला बालवालिका क्षेत्र ........ 23
६.स्थानीय सुशासन ........ 23
निष्कर्ष : ........ 24
स्थानीय तहको पोषण पार्श्वचित्र ........ 25



## अध्यक्षको भनाई

अन्तराष्ट्रिय रुपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक,आर्थिक तथा मानवीय विकासका साथै दिगो विकासका लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिईएको छ ।कुपोषणवाट सृजना हुने स्वास्थ्यसम्वन्धी समस्याहरु गम्भीर ,दुरगामी तथा अपूरणीय किसिमको हुने अध्ययन अनुसन्धानले देखाएको छन्।नेपालमापाँच वर्षमुनिकालगभग ३६ प्रतिशत बालबालिकाहरु पुड्कोपन तथा १० प्रतिशत बालवालिकाहरु ख्याउटेपनवाट प्रभावित छन् ।यसवाट सामाजिक तथा मानवीय विकासका लागि नेपालले क्षेत्रीय तथा अन्तराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई पूर्णता दिने कार्यमा सम्वद्ध सवैको थप प्रयास आवश्यक छ ।

कुनै पनि मुलुकको समृद्धि त्यो मुलुकको स्वास्थ्य तथापोषणसंग जोडिएको हुन्छ ।पोषणका सूचकहरु मानव विकासका संकेतहरु संग जोडिएका हुन्छन् ।वाल मृतुदरको ४५ प्रतिशत हिस्सा कुपोषणले ओगटेको हुन्छ ।मानव जीवनको प्रवेशद्धारको रुपमा रहेको १००० दिनको अवधिमा महिला तथा बालवालिकाहरुलाई सहयोग गर्न यस गाँउपालिकामा हालसालै मात्र सन्चालन भएको राष्ट्रिय योजनाआयोगको नेतृत्वमा सातवटा विषयगत मन्त्रालय मार्फत सन्चालन हुने बहुक्षेत्रीय पोषण योजना कार्यक्रमले पोषण केवल स्वास्थ्य क्षेत्रको मात्र नभएर यस संग प्रत्यक्ष सरोकार राख्ने कृषि,पशु,शिक्षा,महिला विकास ,खानेपानी तथा सरसफाई र नीति तथा स्थानीय तहका क्रियाकलापहरुलाई पनि सरोकार राख्ने गर्दछ ।महिला तथा बालबालिकाहरुमा प्रोटिन तथा क्यालोरीको अभावमा कुपोषण घटाउनु चुनौतीको रुपमा रहेको छ ।अझै यस गाँउपालिकामा महिला तथा बालवालिकाहरु शीघ्र कुपोषणको सिकारमा रहेका छन् भने न्यूनपोषणको कारणले पुड्कोपन ,ख्याउटेपन र कमतौल जस्ता समस्याहरु देखा परेका छन् ।त्यसैले राष्ट्रिय लक्ष्यलाई पुरा गर्न यस जिल्ला अन्तर्गत खार्पूनथ गाँउपालिकाको पोषणको वास्तविक तथ्यांकको आवश्यकता महशुस भएकोले कार्यक्रम संन्चालनको लगतै प्रतिवेदन तयार हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।यस मार्फत यस गाँउपालिकाको वास्तविक पोषण ,कुपोषणको अवस्था ,महिला तथा बाल मृतुदरको अवस्था स्थानीय स्तरमा उपलब्ध पौष्टिक पदार्थ ,खानपान र बानि व्यवहार परिवर्तनको आवश्यकता जस्ता विविध पक्षको जानकारी मूलक सूचनाहरु उपलब्धहुनेछन्।जसले गर्दा लक्षित वर्गको मागमा आधारित आवश्यक कार्यक्रमहरु तर्जुमा गर्न सहयोग पुग्नेछ ।जसको फलस्वरुप यो पोषण प्रतिवेदनले गाँउपालिकाको सर्वोत्वम हितको लागि फलदायी हुनेछ भन्ने विश्वास लिएको छु ।यस योजनाले आगामी ५ वर्षमा दीर्घ कुपोषणलाई हालको ३६%वाट २८% मा झारी माँनव पूँजी एवंम सामाजिक तथा आर्थिक विकासमा पर्नसक्ने नकरात्मक प्रभावलाई कम गर्ने लक्ष्य लिएको छ ।साथै महिला ,बालबालिका तथा किशोरीहरुमा हुने न्यून कुपोषणका समस्या न्यूनीकरण गर्न प्रवर्नाद्धत्मक ,निरोधात्मक तथा उपचारात्मक सवै उपायहरु कार्यान्वयनमा ल्याउन सम्वन्धित स्थानीय तहका यस कार्यक्रमको ठूलो भूमिका रहनेछ । अन्तमा यस कार्यक्रम संन्चालनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने ,यस कार्यक्रमका सम्पर्क व्यक्ति सवैलाई विशेष धन्यवाद दिन चाहन्छु ।



कर्ण बहादुर रावल
अध्यक्ष
खार्पूनाथ गाँउपालिका



## उपाध्यक्षको भनाई

नेपालका महिला तथा बालवालिकाहरु न्यूनपोषण र अधिक पोषण दुवै प्रकारका कुपोषणसम्वन्धि समस्यावाट पिडित छन् । यद्यपी अधिक पोषणको तुलनामा न्यून पोषणको समस्या धेरै छ ।न्यून पोषणको समस्या प्रजनन उमेरका महिला तथा पाँच वर्षमूनिका बालवालिकाहरुमा व्याप्त छ ।न्यून पोषण हुनुमा पोषिला विविध प्रकारका खानेकुरामा पँहुच नहुनु वा भएको खाद्यवस्तु उचित तरीकाले उपभोग नगर्नु , अशुद्धखानेपानी तथा न्यून सरसफाईवाट हुने सङक्रामण रोगहरु तथा त्यसको समयमै उपचार नहुनु ,उपलब्ध स्वास्थ्य सेवाको उपभोग नगर्नु ,अधिक कार्यवोझ तथा न्यून चेतनाजस्ता विविध कारणहरु जिम्मेवार छन् ।पाँच वर्ष मुनिका बालवालिकाहरुमा पुड्कोपन,ख्याउटेपन उमेरअनुसार कमतौल,प्रजनन उमेरका महिलाहरुमा रक्तअल्पता तथा दीर्घशक्ति कमी न्यूनपोषणसम्वन्धी मूख्य समस्याहरु हुन् ।पोषणको दृष्टिकोणले गर्भावस्थादेखि दुई वर्षको अवधि धेरै महत्त्वपूर्णहुन्छ जसलाई "सुनौलो हजार दिन" भनिन्छ ।यो अवधिमा गर्भवती आमा र बच्चा जन्मिएपछि सुत्केरी आमा र बच्चालाई खुवाईने खानेकुरा एवमं स्याहार-सुसारले बच्चाको समग्र वृद्धि र विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।त्यसैले शिशु तथा वाल्यकालीन पोषणमा स्तनपान,पूरक खाना ,स्याहार-सुसारसम्वन्धी बानी-व्यवहार,सरसफई,स्वस्छता,खाद्य सुरक्षा ,संक्रमणको अवस्थामा समुचित उपचारजस्ता विषयहरुलाई एककृत रुपमा सम्वोधन हुनेगरी कार्यक्रम तर्जुमा गरी यस गाँउपालिकामा संन्चालन गरिएको छ ।जसले गर्दा स्थानीय स्तरकी १००० दिनकि आमा तथा किशोरीहरुको सामाजिक,आर्थिक र शारीरिक तथा वौद्धिक विकासमा टेवा पुगेको देखिन्छ ।

आगामि आ.व. मा यस्ता ग्रामीण महिलाको प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमलाई निरन्तरता दिन अति आवश्यक देखिन्छ ।आगामी आ.व. मा यस कार्यक्रमलाई २ वडामा मात्र संन्चालन नगरी यस गाँउपालिकाका ५ वटै वडाहरुमा संन्चालन हुन नितान्त आवश्यक देखिन्छ ।जसले गर्दा महिला तथा किशोरीहरुको स्तर वृद्धि मात्र नभई आम समुदायको स्वास्थ्य,कृषि ,पशु शिक्षाहु, खानेपानी तथा सरसफाई क्षेत्र , महिला तथा बालवालिकाको क्षेत्र तथा स्थानीय सुशासनको क्षेत्रमा समेत फाईदा पुग्नेमा शङ्का छैन् ।आगामी दिनमा यस्ता कार्यक्रमले निरन्तरता पाउनेछ भन्ने विश्वास लिएकी छु । अन्तमा यस कार्यक्रमलाई सफल पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।



सिन्धु हमाल (शाही)
उपाध्यक्ष
खार्पूनाथ गाँउपालिका हुम्ला



## बहुक्षेत्रीय पोषण योजनाको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतको भनाई

२०७२ साल असोज १ गते जारी भएको नेपालको संविधानले मुलुकलाई संघीयतामा आधारित शासन व्यवस्थाको परिकल्पना गर्दै सोही अनुरूप तीन तहको सरकारको संरचना निर्धारण गरेको छ। संविधानको कार्यान्वयनको क्रममा स्थानीय, प्रदेश र संघ तीनवटै तहको निर्वाचन सम्पन्न भै प्रत्येक तहको जनप्रतिनिधिमुलक संस्था (सदन) र सरकार (कार्यपालिका) को गठन भइसकेको छ। स्थानीय तह पुनर्संरचना भई साविको स्थानीय निकाय हाल स्थानीय तह/ सरकारको स्वरूप धारण गरेको छ। नेपालको संविधानको भाग ५ धारा ५६ मा राज्यको संरचनाको व्यवस्था गरी जसमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने भनी उल्लेख गरिएको छ। जहाँ स्थानीय तह अन्तर्गत नेपालको संविधान बमोजिम स्थापति गाँउपालिका, नगरपालिका र जिल्ला सभा पर्दछन्। नेपालको संविधानको धारा ९५ (३) बमोजिम स्थापित स्थानीय तहमा साविकमा नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको बहुक्षेत्रिय पोषण योजना कार्यक्रम हस्तान्तरण गरी वार्षिकरूपमा रकम विनियोजन गरी सोको कार्यान्वयनको लागि स्थानीय तहमा बजेटको अख्तियारी हस्तान्तरण गरेको छ। र हाल सोही व्यवस्था तथा अन्य अभ्यास बमोजिम बहुक्षेत्रिय पोषण कार्यक्रम पनि स्थानीय तहमा हस्तान्तरण भई स्थानीय आवश्यकता र सक्षमतामा आधारित कार्यक्रम तर्जुमा र कार्यन्वयनको अवस्थामा छ। कुपोषणलाइ स्वास्थ्य क्षेत्रको एकल प्रयासले मात्र समा गर्न सम्भव हुँदैन भन्ने कुरा विभिन्न अध्ययनले पुष्टी गरेको र सोही अनुसार बहुक्षेत्रिय पोषण योजना (२०१३-२०१८) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो। स्वास्थ्य तथा गैहस्वास्थ्य क्षेत्रबाट एकीकृत तथा समन्वयात्मक रूपले कार्यान्वयन भइरहेको बहुक्षेत्रीय पोषण योजना (२०१३-२०१७) बाट प्राप्त उपलब्धिलाइ जगेर्ना गर्दै यस प्रयत्नलाइ निरन्तरता दिन बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९-८०) तर्जुमा गरिएको छ। विभिन्न विषयगत मन्त्रालयहरू र विकास साझेदारहरूको सहभागितामा तर्जुमा गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न केन्द्रमा सात वटा विषयगत (स्वास्थ्य, कृषि, पशुपंक्षी, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला बालबालिका तथा समाज कल्याण, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय) क्षेत्रहरू, विकास साझेदार निकायहरू तथा अन्य सरोकारवालाहरूको सामूहिक प्रयासबाट बहुक्षेत्रीय पोषण योजनाको तर्जुमा र कार्यान्वयन गरिएकोछ। हाल स्थानीय तहमा पनि माथि उल्लेखित विभिन्न बहुक्षेत्र, विषयगत क्षेत्रको सहभागितामा कार्यक्रम/ योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रयत्न गरिएको छ। हाल केन्द्रले उक्त योजना स्थानीय तहमा कार्यान्वयन गर्न प्रत्येक आ.व.मा निश्चित रकम (बजेट) अख्तियारी सहित हस्तान्तरण गर्ने गरेको छ। सोही प्रयास अनुरूप यस खार्पूनाथ गाँउपालिकामा आ.व. २०७४/०७५ मा रू ११ लाख अख्तियारी आएको र सो रकमको बाँडफाँट गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गरी यस खार्पूनाथ गाँउपालिकाको वडा नं. ०२ र ०३ मा कार्यान्वयन गरिएको थियो। सो कार्यक्रम सिधै स्थानीय सरकारको माध्यमबाट तर्जुमा र कार्यान्वयन गर्दा प्रभावकारी भएको कुरा सर्वविदि्तै छ। आगामी आवमा उक्त कार्यक्र यस खार्पूनाथ गाँउपालिकाको सबै वडामा लागु गर्ने प्रतिबद्दता पनि सबै जनप्रतिनिधिबाट व्यक्त भएकै छ। यस बहुक्षेत्रीय पोषण योजना कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पोषण तथा खाद्य सुरक्षा नेपाल, यूरोपियन यूनियन, यूनिसेफ, खार्पूनाथ गाँउपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार निकाय तथा सरोकारवाला सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।



चन्द्रविर शाही
प्रमुख प्रशासकीय अधिकृत
खार्पूनाथ गाँउपालिका हुम्ला



## स्वास्थ्य संयोजकको कलम बाट

खार्पूनाथ गाँउपालिका वडा नं. २ थाली र वडा नं. ३ रायामा २०७४ साल असोज महिना देखि लागूभई त्यंहाका जनताहरुको पोषण स्थिति सुधार ल्याउनका लागी खार्पूनाथ गाँउपालिका लागी परेको छ ।त्यसैअनुरुपबहु क्षेत्रीयपोषण योजना अर्थात (MSNP) निर्माण भएको छ ।राष्ट्रिय योजना आयोगकोसंयोजकमा लागू भईरहेको स्वास्थ्य ,कृषि,शिक्षा,खानेपानी,स्थानीय सुशासन,महिला बालवालिका र पशु पंछि मन्त्रालय जनहित क्षेत्रहरुवाट संभव हुने प्रमाणको आधारमा पोषण लक्षित संवेदनशील कार्यक्रम संन्चालन गर्नु पर्ने भएको छ ।विषयगत मन्त्रालयहरुको उद्देश्यलाई साकार पार्दै आगामी ५ वर्षमा एक तिहाईले आमाहरुको BMI मा सुधार ल्याउनु र बालवालिकाको पुड्केपन लाई न्यून पार्नु महत्वपूर्ण भूमिका रहेको छ ।

बहु क्षेत्रीय पोषण योजना अनुसार स्वास्थ्य क्षेत्रवाट कार्यान्वयन गरिएका पोषण लक्षित कार्याक्रम र अन्य क्षेत्रवाट कार्यान्वयन गरिएका पोषण संवेदनशील कार्यक्रमहरुवाट गर्ववति आमाहरु र वालवालिकाहरु गर्भमा हुँदा देखि २४ महिना सम्मको उमेरमा हुने पोषण आवश्यकतालाई संम्बोधन गर्दै न्यून पोषणमा सुधार ल्याउनु यसको लक्ष्य रहेको छ । पोषण लक्षित कार्यक्रमले परिवार र समुदायमा देखा पर्ने न्यून पोषण तत्कालिन कारणहरु पत्ता लगाई उचित खानाको तरिका र सेवन,संकमण रोगहरुको व्यवस्थापन र रोगथाम द्धारा मातृ शिशु तथा बालबालिकाको पोषण अवस्थालाई सुधार गर्नु पर्ने छ ।पोषण कार्यक्रम अन्तर्गत उचित खानाको पहुंचमा सुधार खानाको उपलब्धता, खाद्यको सुरक्षा, सरसफाई र सफा पानीको पहुंच वानी व्यवहारमा परिवर्तन ल्याउनु पर्ने छ । यस योजनाले सरकारी क्षेत्रको क्षमतालाई समृद्द गर्दै सामुदायीक तहवाट हुने पोषण कार्यक्रमलाई समानपातिक ढङ्गले अगाढि बढाउन महत्वपूर्ण भूमिका निर्वाह हुनेछ । पालिका स्तरिय बहु क्षेत्रीय पोषण समन्वय समिति गठन र वडा स्तरिय बहु क्षेत्रीय पोषण समन्वय समिति गठन भई १००० हजार दिनका आमाहरुलाई स्थानीय स्तरमा कार्यक्रमको तर्जुमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन संस्थागतको बहु क्षेत्रीय रुपरेखाको परिकल्पना गरिएको छ ।

पोषक तत्व हरेक व्यक्तिको जीवनमा अपरिहार्य हुन्छ । पोषण सम्वन्धि बानी व्यवहारहरु स्थानिय कृषि प्रचलनहरु खानाको उपलब्धता पोषण सम्वन्धि संस्कृति प्रचलनहरुवाट पोषण प्रवाहित हुने भएकोले पोषण अवस्थालाई सुधार गर्न खानाको उपलब्धता ल्याउनु र पोषण सम्वन्धि जानकारी फैलाउनु आवश्यक भएकाले स्थानिय तहमा जनप्रतिनिधि महिला स्वास्थ्य स्वंयम सेवीका सरकारी तथा गैर सरकारी संस्थाहरुले योगदान गर्ने छन् भन्ने अपेक्षा राखेको छु ।

रुद्रबिर शाही
स्वास्थ्य संयोजक
खार्पूनाथ गाँउपालिका हुम्ला

बहुक्षेत्रीय पोषण कार्यक्रम संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत दातृ निकाय र विकास साझेदार संघ संस्थाहरु ( पोषण तथा खाद्य सुरक्षा नेपाल, यूरोपियन यूनियन, यूनिसेफ ) ले संयुक्त रुपमा दूर्गम तथा पिछडिएको क्षेत्रमा कुपोषणको कारणले अति शीघ्र,मध्यम, कुपोषण , रक्त अल्पता ,पुड्कोपन ,ख्याउटेपन ,उमेर अनुसारको कम तौल जस्ता समस्याले ग्रसित भई शारीरिक,मानशीक तथा वौद्धिक रुपमा अस्वस्थ्य भएको सन्दर्भमा यस्ता कार्यक्रम स्थानीय स्तरमा बढी प्रभावकारी हुने देखिन्छ । फलस्वरुप यस कार्यक्रमले १००० दिनका आमा ,किशोरीहरु ,बालवालिका तथा गर्भवति आमा महिलाहरुलाई सहयोग पुर्याउने छ। यस गाँउपालिका स्थानीय खाद्ध पौष्टिक तत्त्वको भण्डारण भएता पनि स्थानीय स्तरमा उचित खानपानमा विज्ञताको कमिले पोषणमा असर पारेकोछ ,यसलाई न्यूनिकरण गर्नको लागि जनचेतनामूलक सन्देश प्रशारण ,हरेक वार चार खानेकुराको परिकार १००० दिनका आमालाई जानकारी हुनु , गर्भ अवस्था चेक जाँच, नियमित स्वास्थ्य चेकजाँच  जस्ता स्वास्थ्य स्थितिमा सुधार ल्याउने विषयप्रति हाम्रो समाजमा विभिन्न किसिमका कुरिति,कुसंस्कारहरु छन् ।यस्ता कार्यक्रमले पोषणमा पारेको असर वारे स्थानीय स्तरमा चेतना फैलिएको छ।

स्थानीय स्तरमा परमपरागत रुपमा पाल्दै आएका पशु वस्तुलाई पालन प्रणालीमा सुधार ल्याई नस्ल सुधार जस्ता महत्त्वपूर्ण कार्यक्रम समेटिनु पर्ने देखिन्छ। यस क्षेत्र भौलोलिक क्षेत्रफलका हिसावले नेपलाको सवभन्दा ठूलो भूभाग ओगटेकोले व्यवसायीक पशु चौपाय पालनको लागि प्रशस्त क्षेत्रफलमा चरन क्षेत्र रहेता पनि परम्परागत पशुपालनकै कारण व्यवस्थित दूग्ध विकास हुन सकेको छैन यस अलवा हिउदे समयमा घरमा पशु वस्तु पालन गर्नु ,वर्षे समयमा उच्च हिमाली क्षेत्रमा पशु पालन गर्नाले दूध प्रयोग गर्न सकेको छैन ,स्थानीय स्तरमा उत्पादित दूग्धजन्य पदार्थले उचित किसिमले बजार व्यवस्थापन हुन सकेको छैन। पशु पालन मलको लागि प्रयोग हुदै आएकोमा दूधको विकास तथा दूध किनबेच गर्ने वानीको विकास समेत भईसकेको छैन् ।जसले गर्दा कुपोषणको मात्र वृद्धि भएको देखिन्छ। यहाँ दूध नस्ल सुधार लगाएत अन्य पोषिलो खाने बानिमा सुधार ल्याउन सकेको खण्डमा स्थानीय तह सम्म यस कार्यक्रमको प्रभावकारीका बढि देखिनेछ।

अव देखि पोषण तथा खाद्ध सुरक्षा कार्यक्रम स्थानीय सरकारको प्रथामिकता परेको छ। स्थानीय सरकारले पोषण सम्वन्धि योजना बनाउँदा स्थानीय आवश्यकता ,परिवेश विविध क्षेत्रलाई समेटिने गरी बनाईनु पर्नेछ। यसै सन्दर्भमा पोषण योजना बनाउने क्रममा यस खार्पूनाथ गाँउपालिकाले स्थानीय तहको पोषण पार्श्वचित्र (प्रोफाईल ) बनाइसकेको छ र पोषणसम्बन्धी नेपालले सन २०३० सम्म कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिबद्दता व्यक्त गरेको छ साथै यस खार्पूनाथ गाँउपालिकाले पनि मिति २०७४ श्रावण ४ गते गाँउपालिका स्तरीय पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा गाँउपालिकाका नवनिर्वाचित पदाधिकारीहरू, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूले  षोषणसम्बन्धी स्थानीय प्रतिबद्दता जाहेर गरेका छन्। यस गाँउपालिकाले उक्त प्रतिबद्दतालाई कार्यान्वयन गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास साझेदार निकाय तथा दातृ निकायबाट आगामी दिनहरूमा यस गाँउपालिकाले सहयोगको अपेक्षा गर्दछ।

विगतमा सञ्चालित बहुक्षेत्रिय पोषण योजनाको कार्यक्रम तर्जुमा र कार्यान्वयनका क्रममा सहयोग गर्ने विकास साझेदार निकाय ( संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पोषण तथा खाद्य सुरक्षा नेपाल, युनिसेफ, युरोपियन युनियन) लाई यस गाँउपालिकाले हार्दिक आभार प्रकट गर्दछ।

खार्पूनाथ गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय, हुम्ला

# खार्पुनाथ गाउपालिका
## हुम्ला
### ६ नं. प्रदेश, नेपाल

# प्रतिबद्धता

***२०७४ साउन ४***

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ साल असोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३ कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । विगतमा स्थानीयस्तरमा जिल्ला समन्वय समितिको (साविकको जिल्ला विकास समिति) संयोजनकारी भूमिकामा स्थानीय निकाय र विषयगत कार्यालयहरु मार्फत यो योजना कार्यान्वयनमा रहेकोमा हाल नया संविधान जारी भई संघ, प्रदेश र स्थानीय तहका अधिकारहरु स्पष्ट भई आएका छन । आज यो कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७४ **साउन** ४ गते यस गाउपालिकाका निर्वाचित पदाधिकारीहरु हामी बहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई गाउपालिकामा यस योजना सफल सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रतिवद्धताः**

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा स्वास्थ्य चौकीमो प्रसुती सेवा उपलब्ध गराउन सहयोगि भुमिका निवार्ह गर्नेछौं ।
३. गर्भबती तथा सुत्केरी आमालाई पोषण भत्ता प्रदान गर्नेछौं ।
४. पालिका भित्र स्वच्छ खानेपानीको व्यवस्था सुनिश्चित गर्नेछौं ।
५. अभिमुखिकरणमा प्राप्त ज्ञान सीप र साझा बुझाईलाई व्यवहारमा लागु गर्न सदा तत्पर रहनेछौं ।
६. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्रसहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
७. सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्ने छौं ।
८. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसँग सार्थक समन्वय गर्नेछौं ।
९. स्वस्थ्य सफा र पुर्ण पोषणयुक्त घर, गाउँ, वडा अभियान सञ्चालन गर्दै आगामी ५ बर्ष भित्र यस खार्पुनाथ गाउपालिकालाई कुपोषणमुक्त गर्नेछौं ।

गाउपालिका स्तरीय अभिमुखिरण ***२०७४ साउन ४, खार्पुनाथ, हुम्ला ।***

# परिचय

पोषण भन्नाले शरीरले खानाको उपभोगसम्वन्धि विज्ञानलाई बुझाउँछ । खानाको उपभोग भन्नाले खाना चपाउनु,निल्नु,शरीरले सोस्नु भन्ने बुझिन्छ ।शरीरलाई आवश्यक पर्ने पोषणतत्त्वहरुको मात्रा कम वा वढी भएर शरीरमा पर्ने असरको अवस्थालाई कुपोषण भनिन्छ ।सामान्यतया कुपोषण र न्यूनपोषणलाई एउटै शब्द बुझाउने शब्दहरुको रुपमा प्रयोग गरिएको पाईन्छ । कुपोषणले न्यूनपोषणका अवस्थाहरुको साथै अधिक तौल तथा मोटोपनको अवस्थालाई पनि बुझाउँछ ।न्यून पोषण भन्नाले पुड्कोपन,कम तौल,ख्याउटेपना तथा सूक्ष्म पोषकतत्त्वको कमीले हुने अवस्थाहरुलाई बुझाउछ ।अत्यधिक चिल्लो,गुलियो,नुनिलो खाना खाएका कारणले तथा निष्कृय जिवनशैली कारणले हुने बढी तौल र मोटोपनाको अवस्थालाई अधिक पोषण भनिन्छ ।कुपोषण हुनुमा स्वास्थ्य ,स्याहार-सुसार खाद्य सुरक्षा,शिक्षा,खानेपानी तथा सरसफाई,स्रोतको पहुँच,सशक्तिकरण जस्ता कारणहरु जिम्मेवार रहेका हुन्छन् ।त्यसैले कुन खाद्य वस्तु उत्पादन वा खरीद गर्ने,के कस्तो खानेकुरा खाने ,पोषणको दृष्टिकोणले जोखिममा हुने वर्गको स्याहार सुसार के कसरी गर्ने भन्ने कुराहरुले पोषण अवस्थामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।जीवनको पहिलो १००० दिन (गर्भावस्थाको पहिलो दिन देखि बच्चा जन्मिएको दुई वर्ष सम्म) पोषणको अवस्था सुधार गर्ने सुनौलो मौका हो ।यो अवधिमा बच्चाहरुको शारीरिक,बौद्धिक तथा संवेगात्मक विकासको सुरुवात द्रुत गतिले हुन्छ । यो अवधिमा हुन नसकेको वृद्धि विकास त्यसपछि हुन सक्दैन ।त्यसैले पोषणसंग सम्वन्धित क्रियाकलापहरु अन्य १००० दिनमा उमेर समुहका बालबालिका तथा महिलाहरुलाई लक्षित गरेर कार्यान्वयन गर्नु पर्ने हुन्छ ।कुपोषणको समस्या समधान गर्न बहुक्षेत्रगत कार्यहरु गर्न जरुरी हुन्छ भन्ने तथ्यलाई विश्वव्यापी रुपमा स्वीकार गरिएको छ ।बहुक्षेत्रीय अवधारणाअनुरुप विभिन्न क्षेत्रगत निकायको समन्वय र सहकार्यमा यो योजना कार्यान्वयन भएकाले पोषणसम्वन्धी कार्यक्रम तथा क्रियाकलापहरुमा प्रथामिकताका साथ बजेट रकम वृद्धि गर्नमा समेत यसले मद्दत पुगेको छ । योजना कार्यान्वयनका लागी क्षेत्रगत निकायहरुसंग समन्वय र सहकार्य गर्न राष्ट्रिय योजना आयोगले नेतृत्त्वदायी भूमिका निर्वाह गरिरहेको र राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयले सहयोगी भूमिका निर्वाह गरिरहेको छ। यसले नियमित रुपमा गरिने योजना तर्जुमा तथा कार्यान्वयनमा क्षेत्रगत मन्त्रालय र विकास साझेदारबीच समन्वय तथा सहकार्य जस्ता कार्यहरु गर्न थप सहयोग पुगेको छ ।बहुक्षेत्रीय पोषण योजनासंग सम्वन्धित क्षेत्रगत मन्त्रालयहरुसंग आवद्द भई योजना तर्जुमा गरी कार्य गर्दा योजना तर्जुमाको प्रभावकारी कार्यान्वयन गर्नुका साथै आर्थिक मितव्ययिता कायम गर्न सकिन्छ ।बिकास साझेदारहरुबाट प्राप्त सवै सहयोगहरुलाई बहुक्षेत्रीय अवधारणाअनुसार नेपाल सरकारको बजेट प्रणालीमार्फत सरकारी संयन्त्रद्धारा खर्च हुने व्यवस्था अनिवार्य रुपमा गर्नु पर्ने देखिन्छ ।

**कार्यक्रमको सम्पन्न प्रतिवेदन**

**कार्यक्रमको नाम** : बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन तथा पोषण प्याकेज कार्यक्रम ।

**स्वीकृत वजेट खर्च शिर्षक नं.** : २६६१२/1100000।-

**कार्यक्रमको संक्षिप्त परिचय तथा उद्देश्य** : मातृ शिशु पोषणको स्थितिमा सुधार ल्याउने सम्वन्धमा प्रमुख क्षेत्रगत तहहरुको क्षमता सुढृढीकरण गरी बहु क्षेत्रीय पोषण कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन र अनुगमन गर्न सामार्थ बनाउने

**कार्यक्रमको संचालन स्थान र मिति** : खार्पूनाथ २ थाली र खार्पूनाथ ३ राया , २०७४ श्रावण देखि २०७५/३/(१-५) गते सम्म ।

कार्यक्रममा संलग्न जनशक्तिको नामावली : रुद्रविर शाही , जैमल शाही , काली बहादुर शाही , जनप्रति निधिहरु

**कार्यक्रमको सबल पक्ष** : स्थानीय स्तरमा निति तथा योजना र बहु क्षेत्रिय समन्वयमा सुधार आएको हुनेछ । पोषण लक्षित वा पोषण संवेदनशिल सेवाहरुको उच्चतम प्रयोग गर्न व्यबहारमा सुधार हुनेछ ।

**कार्यक्रम सुधार गर्नु पर्ने पक्ष** : क्षेत्रगत तथा स्थानीय तहका निकायहरुको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई नितिगत रुपमा भूमिका निर्वाह गर्नु पर्ने छ ।

## नेपालमा पोषण तथा खाद्यको सुरक्षाको अवस्था

विश्वका अति कम विकसित मुलुकमध्ये पर्ने २ करोड ७२ लाख जनसंख्या भएको राष्ट्र नेपाल विश्व मानव विकास सुचाङकमा १७ औं स्थानमा छ । सन् २०१३ को तथ्याङ्क अनुसार नेपालमा २३ दशमलव ८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन्। यो संख्या सन् १९९५ मा प्रतिशत थियो । यस तथ्याङ्कले नेपालमा गरिबी निवारणको क्षेत्रमा उल्लेख्य प्रगति भएको देखिन्छ तर आम्दानीको असमानता भने उच्चस्तरमा रहेको गिनि कोईफिसेन्ट अंकले देखाँउछ विकासको क्षेत्रमा आशावादी मार्गमा रहेको नेपालले सन् २०२२ सम्म अति कम विकसित मुलुकको सुचिबाट विकासशिल देशको स्तरमा प्रवेश गर्न लक्ष्य राखेको छ ।

पोषणको कमजोर अवस्था र खाद्य असुरक्षा नेपालको विकासमा चुनौतिको रुपमा रहँदै आएको छ । खाद्य असुरक्षा र कुपोषणको प्रमुख निर्धारक विपन्नता रहेको देखिन्छ ।विगत दशकहरुमा राष्ट्रियरुपमा गरिएको सर्भेक्षणले देशमा निरन्तर रुपमा उच्चतहमा कुपोषण व्याप्त रहेको देखाउँछ ।सन् २०१६ को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार ५ वर्ष मुनिका बालबालिकामध्ये ३७ प्रतिशत एकदमै सानो आकारमा र शारीरिक (पुड्का) विकास हुन नसकेका थिए भने ११ प्रतिशत एकदमै दुब्ला देखिन्छ । यो तथ्याङ्कले नेपालमा व्याप्त कुपोषणको दुष्चक्र चित्रित गर्छ ।

नेपालमा विभिन्न पर्यावरणीय क्षेत्र, ग्रामीण र सहरी इलाकामा स्वास्थ्य र कुपोषणको सुचकाङ्कमा विविधता देखिन्छ । त्यस्तै खाद्य सुरक्षाको अवस्था पनि सन्तोषजनक छैन ।बहुआयामिक भोककारी मापनमा आधारित विश्वव्यापी भोकमारी सूचकाङ्क २०१४ मा नेपाल विश्वका ७६ देशमा ४४ औं स्थानमा परेको छ । नेपालले प्राप्त गरेको १६ निक्कै अंक विगतको तुलनामा सुधारात्मक रहेको छ भने नेपाल ४ डरलाग्दो स्तरमा पनि परेको छैन । तर अझै पनि नेपाल संवेदनशिल अवस्थामा रहिरहनुले नेपालमा खाद्य सुरक्षाका क्षेत्रमा रहेका समस्याहरुलाई उजागर गर्दछ ।

सन् २०११ को नेपाल जीवनयापन सर्वेक्षणले ३८ प्रतिशत नेपालीहरुले स्वास्थ्य जीवनका लागी आवश्यक पर्ने न्यूनतम क्यालोरीभन्दा पनि कम क्यालोरीमा जीवन यापन गरिरहेको देखिएको थियो । विकास क्षेत्र ,उपक्षेत्र ,ग्रामीण र सहरी इलाकामा स्वास्थ्य र पोषणको सूचङ्कमा उल्लेख्य विविधता देखिन्छ । तराईको २४ प्रतिशत जनसंख्या अपर्याप्त क्लालोरीसहित जीवन यापन गरिरहेको छ भने पहाडमा यो संख्या ३६ प्रतिशत छ । त्यस्तै हिमाली क्षेत्रमा यस्को जनसंख्या ३८ प्रतिशत रहेको देखिन्छ ।

त्यस्तैगरी विकास क्षेत्रको हिसावले हेर्दा पूर्वाञ्चल विकास क्षेत्रमा कम क्लोरीसहित जीवन यापन गर्ने जनसंख्या २१ प्रतिशत छ भने मध्यपश्चिमाञ्चलमा यस्तो जनसंख्या ३६ प्रतिशत देखिन्छ ।विकास क्षेत्रबीचको तुलना गर्दा अन्य तीन विकास क्षेत्रको तुलनामा मध्यपश्चिम र सुदर पश्चिममा अपर्याप्त क्लोरीमा जिउने जनसंख्याको प्रतिशत बढी छ । यसरी हेर्दा मध्यपश्चिम र सुदुर पश्चिम विकास क्षेत्रका पहाडी तथा हिमाली क्षेत्रहरु खाद्य असुरक्षा र अपर्याप्त क्यालोरीको समस्याबाट सवैभन्दा बढी प्रवाभित भएको देखिन्छ ।
पोषण र खाद्य सुरक्षा बहुआयामिक प्रकृतिका हुन्छन् । यसर्थ: शिक्षा,कृषि,खानेपानी तथा सरसफाई लगाएतका बहुक्षेत्रगत तथ्याङ्क पनि यसैसंग सम्बन्धित हुन्छन् ।

## बहुक्षेत्रीय पोषण योजनाको औचित्य

बालबालिका र आमामा हुने पोषण न्यूनतमताको कारण व्यक्ति परिवार, समुदायिक र समग्र राष्ट्रले नै महत्वपूर्ण आर्थिक मूल्य चुकाउनु पर्ने हुन्छ ।जुन बढ्दो रोगको बोझ र विभिन्न खालका शारीरिक तथा मानसिक समस्याका रुपमा प्रकट हुने गर्छन् ।परिणामस्वरुप जीवनभरमा मानव पुजी र आर्थिक उत्पादकत्वका सन्दर्भमा ठूलो क्षेति बेहोर्नु पर्ने देखिन्छ । न्यून पोषित बालबालिकाहरु क्षतपूर्ति हुन नसक्ने अवरुद्ध बौद्धिक र शारीरिक विकासबाट पिडित हुनुपर्ने हुन्छ । भोका बालबालिकाले अशक्त

जनशक्ति र कम उत्पादकत्व भएका अस्वस्थ कामदार तयार गर्छन्।यसको परिणाम भविश्वयमा विपन्न परिवार,विपन्न समुदाय र बोझिला स्वास्थ्य प्रणाली हुन्छन् ।पोषण कम भएका महिलाले कम तौलका बच्चा जन्माउछन् । आफ्ना सवै कमजोरी भावी पुस्तामा हस्तान्तरण गर्छन् ।पोषणको दृष्टिले शिशुको जीवनको पहिलो १००० दिन अत्यन्त नाजुक हुन्छ । यही अवधिमा पोषणसम्वन्धि हस्तक्षेप गर्नु सवैभन्दा लाभदायक हुन्छ ।यसपछिका कार्यक्रमले पनी केहि फरक पार्न सक्छ तर पहिलो १००० दिनमा भएको नोक्सानीको भने क्षतिपूर्ति गर्न सक्दैन।बालबालिकाको पोषण आमाको पोषणसंग घनिष्टरुपमा गासिएको हुन्छ । स्वास्थ्य र सुपोषित आमाले स्वस्थ्य बच्चालाई जन्म दिन्छन र लालनपालन पनि गर्छिन् । त्यसैले किशोरीहरु गर्भवती र स्तनपान गराउने आमाहरुलाई पोषणसम्वन्धि विविध सेवा र सुचना उपलव्ध हुनु महत्वपूर्ण छ ।

वास्तवमा धेरै उपायको जड मौलिक र आधारभूत तहका कारणमा रहेको देखिन्छ ।आमा शिशु र स-साना नानीको खानासम्वन्धि व्यवहारमा सुधार ल्याउन तथा झाडापखाला र रक्तअल्पताको उपचारका लागी धेरै काम गर्न जरुरी छ। पोष्टिक खाना र शौचालयमा पहुंच र त्यसको उपयोग बढाउन पनी आवश्यक छ ।यसका लागी पोषण लक्षित प्रत्यक्ष र पोषणप्रति संवेदनशिल अप्रत्यक्ष दुवै खालका कार्यक्रम आवश्यक छन् भन्ने देखाउन दुईवटा उदाहरण प्रस्तुत छन्।पोषण लक्षित र पोषणप्रति  संवेदनशूल दृष्टिकोण धेरै हिसावले आफैमा सम्पूर्ण नभई एकअर्काका पूरक हुन्। प्रत्यक्ष पोषणसम्वन्धी कार्यक्रमलाई विस्तार गर्दै आमा र बालबालिकाको पोषणको स्थिति सुधार ल्याएर शीघ्र सहस्राब्दी विकास लक्ष्य हासिल गर्नु तर्फ लाग्नु पर्छ भन्ने नेपाल सरकारको धारणा छ ।त्यसमा साथै सरकार पुड्कोपनका मौलिक कारणहरुलाई सम्बोधन गर्न र त्यो प्रयत्नलाई विस्तार गर्ने आवश्यकतालाई पनि स्वीकार गर्छ ।

हाल आएर पोषण मानवीय सहयोगको विषय मात्र नभइ बालबालिका महिला र समय समाजकै अधिकारको सवाल हो र यो मानव पुजी विकासको दृष्टिले अत्यन्त महत्वपूर्ण लगानी हो भन्ने कुरामा हामी सचेत भएको छ ।यो लक्ष्य हासिल गर्न विभिन्न क्षेत्रले आफ्नो क्षमताले भ्याएसम्म प्रयास गरिएको छ ।यो बहुक्षेत्रीय कार्ययोजनाले मातृशिशुको स्वास्थ्यमा आधारित भई सरकार विकास साझेदर र अन्य सरोकारवालाको यही परिवर्तन सोच लाई प्रतिविम्बित गर्न खोजेको छ।वृद्दिका क्षेत्रमा वाधा पुर्याउने कुराहरुमा केन्द्रित रहदै प्रमाणमा आधारीत बढी प्रभाव दिने खालका कार्यक्रमको उल्लेखनियरुपमा विस्तार गर्न पोषणलाई सबै सम्वद् विकासका क्षेत्रमा मूलपर्वाहीकरण गर्नेतर्फ जोड दिईएको छ।यसको परिणामस्वरुप पुड्कोपन न्यूनिकरणले तीव्रता पाउने अपेक्षा गरिएको छ ।पोषण लक्षित प्रत्यक्ष र पोषणप्रति संवेदनशील अप्रत्यक्ष दुवै खालका कार्यक्रमहरुको विस्तारबाट हुने लाभ प्रचुर हुनेछ।पहिलो पोषण लक्षित कार्यक्रमको विस्तारले आमा र शिशुमा पोषणको कमीलाई न्यूनिकरण गर्नुका साथै सहस्राब्दी विकास लक्ष्य हासिल गर्न योगदान गर्नेछ। प्रत्यक्ष पोषणका कार्यक्रमहरु सुक्ष्म पोषक र भिटामिन ए को कमीलाई हटाउन सहायक हुनेछ ।

विस्तारित कार्यक्रमबाट विपन्नहरुमध्ये पनि विपन्न तप्काका समुदाय लाभान्वित हुने संभावना बढी हुन्छ ।

पोषणप्रति संवेदनशील कार्यक्रमको विस्तारले हासिल भएका उपलब्धिहरुको दिगोपन सुनिश्चित गर्नेछ र तिनको सकरात्मक प्रबाव पुड्कोपन न्यूनिकरणका अतिरिक्त अन्य क्षेत्रमा पनि पर्नेछ । सन् २००४ को राष्ट्रिय पोषण नीति तथा रणनीतिले यी तथ्यलाई पहिचान गरी बहुक्षत्रीय उपयोगमा जोड दिएको छ ।

## बहुक्षेत्रीय पोषण योजना

नेपाल विश्वव्यापी पोषण आन्दोलनको सहयात्री हो र आनरुपमा स्वीकृत सूचकका आधारमा आफ्ना नागरिकको पोषणको स्थितिमा सुधार ल्याउन प्रतिवद्ध छ ।नेपालमा पोषण न्यूनताका लागी थुप्रै परस्पर सम्बन्धित कारक तत्व जिम्मेवार रहेका छन् जसले समाधानका लागी विविध क्षेत्रवाट व्यापक सुधारको अपेक्षा गर्छन् ।पोषणको सवाललाई बहुक्षेत्रीय दृष्टिकोण अवलम्वन गरी क्रमवद्द र सम्वन्धित ढङ्गले सम्बोधन गर्ने प्रयासस्वरुप यो योजना तयार गरीएको हो ।विगतका प्रयासहरु क्षेत्र-केन्द्रित परस्पर असम्वन्ध र छरिएका हुनाले वाञ्छित उपलब्धि हासिल हुन सकेन।प्रस्तुत पोषण योजना र विगतका योजनाहरुवीचको भिन्नता के छ भने यो बढी लक्ष्य केन्द्रित छ र यसले सम्वद् बिभिन्न क्षेत्रहरुको संभावित प्रयासमा जोड दिन्छ ।यसले आमा र शिशुमा पोषण न्यूनता न्यूनिकरणको प्रक्रियालाई तीव्रता दिन खोजेको छ जसको मापन बालबालिकामा देखिने पुड्कोपनबाट हुन्छ ।अन्य मुलुकको अनुभवलाई हेर्दा एक दशकभित्रमा दुई वर्षसम्मका बालबालिकालाई पुड्को लक्ष्य मातृशिशु पोषणमा सुधार ल्याउने हो जसको परिणामस्वरुप आमा शिशु र बालबालिकामा

पोषण न्यूनताको स्थितिमा कमी आउनेछ, बालबालिकाको पुड्कोपनमा एक तिहाईले कमी आउनेछ ।पोषण लक्षित र पोषंप्रति संवेदनशील दुवै प्रकारका आधारभूत कार्यक्रममा विस्तार गरी यो लक्ष्य हासिल गरिने छ।पोषण लक्षित मुलत: स्वास्थ्य क्षेत्रबाट प्रवाहित भईरहेकाछन् भने अन्य कार्यक्रमहरु शिक्षा कृर्षि खानेपानी तथा सरसफाईलगाएतका क्षेत्रबाट स्थानीय निकायसंगको सहकार्यमा सामाजिक सुरक्षाका कार्यक्रम संग समन्वय गरी सञ्चालन गरिने छ फलस्वरुप समाजका सवै स्तरमा मातृशिशु पोषणको स्थितिमा सुधार ल्याउनु हो ।

## उद्देश्य

यस बहुक्षेत्रीय पोषण योजनाको मूख्य उद्देश्य समाजका सबै स्तरमा मातृशिशु पोषणको स्थितिमा सुधार ल्याउनु हो ।

क. पोषण विशेष,पोषण संवेदनशील र समर्थ बनाउने वातावरणसम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउनु ।

ख. पोषणको संवेदनशील सेवाको पहुँच र उपभोग बढाई स्वास्थ्य वानी –व्यवहारमा सुधार ल्याउनु ।

ग. पोषण तथा खाद्य सुरक्षासम्बन्धि कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन गरी महिला बालबालिका तथा किशोरीहरुको स्वास्थ्यामा सुधार ल्याउनु ।

घ. भूसंरक्षण एवमं शिशु तथा बालबालिकाको वृद्दि सम्वन्धमा किशोरीहरुको जागरण र व्यवहारमा सुधार हुने ।

ङ. स-साना बालबालिकाहरुको हेरचाह र आहार व्यवहारमा सुधार गरी बढी विफलताको फैलावट रोक्न सकिने विषयमा अभिभावकहरु,महिलाहरु सचेत भएका हुने ।

च. किशोरी छात्राहरुको पोषण स्तरमा सुधार हुने ।

छ. बहुक्षेत्रीय प्रयासमा योगदान पुर्याउन शिक्षा क्षेत्रमा क्षमता अभिवृद्दि हुने ।

ज. किशोरीहरुमा अभावकीय शिक्षा जीवनोपगी सिपहरु र पोषणको स्थितिमा अभिवृद्दि भएको हुने ।

## जिल्लामा पोषण तथा खाद्य सुरक्षाको अवस्था

खेतिपातिका लागी भौगोलिक अवस्था तथा जलवायूको कारण हुम्ला जिल्लामा खेतियोग्य जमिन ज्यादै कम छ र भएको जग्गाको पनि उत्पादकत्वको कमि रहेको छ । जनसंख्याको तुलनामा खेतियोग्य जमिन न्यून हुनु तथा उत्पादकत्व ज्यादै कम हुनाको कारण जिल्लावासीहरुले आफ्नो उत्पादनबाट १२ महिना खाना खान पुग्ने अवस्था छैन ।यसको लागी नेपाल सरकारले २०३१ साल देखि जिल्लाका विभिन्न ठाँउमा खाद्य डिपो स्थापना गरेर नेपाल खाद्य संस्थान मार्फत अनुदानमा खाद्यान्न उपलब्ध गराउदै आएको छ ।

## बहुक्षेत्रीय पोषण कार्यक्रमको खार्पूनाथ गाँउपालिकाको अवस्था

खार्पूनाथ गाँउपालिका वडा नं. २ थालि र वडा नं. ३ राया वस्तिमा २०७४ साल असोज महिना देखि लागु गरी त्याहाका जनताहरुको पोषण स्थिति सुधार ल्याउनका लागि खार्पूनाथ गाँउपालिका जोडदाररुपले लागि रहेको देखिन्छ ।त्यसै अनुरुप बहुक्षेत्रीय पोषण योजना (MSNP) निर्माण भएको छ । सोही कार्यका लागि खार्पूनाथ गाँउपालिकाको संयोजनमा लागू भईरहेको स्वास्थ्य कृषि,शिक्षा,खानेपानी,सामुदायीक सुशासन,महिला बालबालिका,पशुपंछी जस्ता निकायहरुले जनहित क्षेत्रहरुबाट संभव हुने प्रमाणका आधारवाट पोषण लक्षित संवेदनशील कार्यक्रमहरु संञ्चालन हुने प्रयास भई रहेको पाईयो ।विषयगत निकायहरुको उद्देश्यलाई साकार

पार्दै आगामी ५ वर्षमा एक तिहाईले आमाहरुको BMI मा सुधार ल्याउनु र ५ वर्ष मूनिका बालबालिकाको पुड्केपन लाई न्यून पार्नु महत्वपूर्ण भूमिका देखिन्छ।

बहुक्षेत्रीय पोषण कार्यक्रम यस ठाँउको लागि अति उपयोगी कार्यक्रम हो ।यस ठाँउमा स्थानीय बाली संरक्षण नगरी वाहिरवाट आएको चामलको भात खाने वानि नै कुपोषणको प्रमुख कारक तत्त्व बनेको देखिन्छ । यस गाँउपालिकामा उत्पादन हुने स्थानीय पोष्टिक खाद्यान्न वाली कागुनो,चीनो,कोदो,मार्से,फापर मकै जस्ता अन्न वाली उपयोगी तथा विभिन्न भयानक रोगहरु (जस्तै सुगर जस्ता ) का लागी स्वास्थ्यको दृष्टिकोणले अति नै फलदायी देखिन्छ ।हरियो सागपात पाकिसके पछि पखाल्ने ,पहेला फलफूल राम्ररी नपखालि खाने वानिलाई मात्र परिवर्तन गरी हरियो सागपात तथा पहेला फलफूल काँचोमा सफागरी पकाउने,खाने वानीको विकास गर्न आवश्यक देखिन्छ ।यस ठाँउका बालबालिका कुपोषण तथा गर्भवती महिलामा रक्त अल्पता देखिनु,सरसफाईमा कमी हुनु र खाद्यान्न वालीलाई सही तरिकावाट परिकार बनाउन नसकि खाद्य पदार्थ सवै ह्रास हुने गरी प्रयोग गर्नु,गरीवि, परिवार नियोजन सम्वन्धि ज्ञान नभई जसको घरमा वालवच्चाहरु बढि छन् त्यस घरमा कुपोषित भएको पाईन्छ ।कुपोषण न्यूनिकरण गर्नको लागी जनचेतना फैलाई पोषिलो खाना सम्वन्धि परिकार बनाउनको लागी प्राविधिक ज्ञान दिन आवश्यक देखिन्छ।यस जिल्लाका स्थानीय (रैथाने) वालीलाई संरक्षण गरी वाहिरवाट आयातीत पोलिस गरेका चामललाई निरुत्साहित गर्नु आवश्यक देखिन्छ ।प्रशस्त मात्रामा स्थानीय स्तरमा पाईने साग,सिस्नु,कर्कलो,वेथे जस्ता सागहरु भिटामिनका स्रोत हुन भने रक्त अल्पता हुन नदिन कोदोको परिकार,काउनो जस्ता खाद्यान्न वालिको भोजन खाने वानिको विकास हुनु आवश्यक छ ।पौष्टिक तत्त्व पाईने खाद्यान्न वालिको पहिचान गरी यसको प्रशार प्रचार गर्नु देखिन्छ।

मासु जन्य परिकार लोकल कुखुरा तथा यस ठाँउमा पाईने उच्च हिमाली भेगमा पाईने घाँस र औषधी प्रयोग नभएका मासुको प्रयोग नगरी अनेत्र शहरवाट ल्याईएको सडेगलेको बासि वेईलर मासु,अण्डा ,रसायनीक केमिकल मल प्रयोग गरिएको तरकारी मासु खानुले कुपोषणले जरा गाडेको छ ।यस गाँउपालिका तथा तस क्षेत्रमा लागु हुने कार्यक्रममा लोकल खाद्यान्न वालीलाई कार्यक्रम खाजा नास्ताको प्रयोग गर्ने जंग फुट चाउचाउ जस्ता बजारीया खानाको प्रयोगमा कमि ल्याईनु आजको आवश्यकता हो भन्नुमा शंका छेन्।

घर घरमा चर्पी बनाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिसकेकोले नियमित चर्पीको प्रयोग मात्र गर्न सकेको खण्डमा टाईफाइट,झाडापखाला,हैजा जस्ता रोगको कमि भई बहु क्षेत्रीय पोषण कार्यक्रमलाई सहयोग पुर्याउने देखिन्छ ।सुख्खा तथा खडेरी क्षेत्र भएकाले हिउदे समयमा ग्रीनहाउस वाट हरियो तरकारी फलाउनु ,वर्षे समयमा तरकारीको पौष्टिक तत्त्वको ह्रास नहुने गरी प्रविधियुक्त तरिकाले सागको सुकुटी बनाउने,खाने प्रणालि विकास निम्ति गाँउपालिकाले आगामि कार्यक्रममा राखिनु आवश्यक छ । गाँउपालिकाको कृर्षि शाखा वाट उच्च पौष्टिक तत्त्व पाईने खाद्यान्न वालिको पहिचान गरी पोषण युक्त खाद्यान्न प्रयोग गरि कुपोषित कम गर्न जरुरी देखिन्छ।

## खापुनाथ गाँउपालिकाको जनसंख्या (जनगणना २०६८अनुसार) र क्षेत्रफल

| सि.नं. | साविकका गा.वि.सहरु | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी) | कैफियत |
|---|---|---|---|---|
| १ | लाली | १५७५ | ३६.९२ | |
| २ | राया | १९०२ | ६८.८२ | |
| ३ | छिप्रा | १०४५ | ३३.४६ | |
| ४ | खार्पूनाथ | १४८९ | ७४०.७८ | |
| | **जम्मा** | **६०११** | **८४९.९८** | |

## स्थानीयस्तरमा उपलब्ध खाद्यन्न र त्यसमा पाईने पौष्टिक महत्व

| **क्र.स.** | **खाद्यान्न (प्रति १०० ग्राम)** | **प्रोटिन** | **फ्याट** | **मिनरल ९न०** | **फाईबर मिग्रा** | **ईनर्जि क्यालोरी** | **क्याल्सियम मिग्रा** | **आईरन मिग्रा** |
|---|---|---|---|---|---|---|---|---|
| **१** | जौ | ११.५ | १.३ | १.२ | ३.९ | ३३६ | २६ | १.७ |
| **२** | फापर | १०.३ | २.४ | २.३ | ८.६ | ३२३ | ६४ | १५.५ |
| **३** | कागुनो | १२.३ | ४.३ | ३.३ | ८.० | ३३१ | ३१ | १२.९ |
| **४** | चिनो | ७.३ | १.३ | २.७ | ३.६ | ३२८ | १४ | ३.९ |
| **५** | जुनेलो | ७.६ | २.४ | १.० | ०.६ | ३५७ | १७ | ३.६ |
| **६** | उवा-कालो | १०.४ | १.७ | २.३ | २.५ | ३४० | २० | ७.५ |
| **७** | आँटा | १२.१ | १.७ | २.७ | १.९ | ३४१ | ४८ | ४.९ |
| **८** | मैदा | ११.० | ०.९ | ०.६ | ०.३ | ३४८ | २३ | २.७ |
| **९** | कोदो | ७.८ | १.२ | २.९ | ३.७ | ३२२ | २८८ | ४९.२ |
| १० | मकै | ११.१ | ३.६ | १.५ | २.७ | ३४२ | १० | ३.३ |
| ११ | **चामल** | **६.८** | **०.५** | ०.६ | **०.२** | **३४५** | **१०** | ०.७ |

## बहु क्षेत्रीय पोषण कार्यक्रम खार्पूनाथमा कार्यान्वयनको संक्षिप्त विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला : हुम्ला | | | प्रदेश नं. ६ | | |
| गाँउपालिकाको नाम : खार्पूनाथ | | | वडा न संख्या : ५ | | |
| कुल जनसंख्या :६०११ | | महिला :3040 | पुरुष :2971 | | |
| लक्षित लाभग्राही संख्या : 370 | | | | | |
